ISSUE 2

# NON-RESIDENT NEPALI ASSOCIATION
# गैरआवासीय नेपाली संघ

**Newsletter** **समाचार**

December – March 15 2010 पुस–फाल्गुण २०६६




**सम्मेलनमा सहभागीता सम्बन्धी जानकारीका लागी हाम्रो वेभसाइट www.nrn.org.np अथवा www. nrnusa.org हेर्नु होला ।**

**यस अंकमाः**


- अध्यक्ष देवमान हिराचनको नेतृत्वको टोलीद्वारा विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट
- प्रमुख संरक्षक डा. उपेन्द्र महत्वको नेतृत्वमा नेपाल पर्यटन वर्ष कार्यक्रममा सहभागिता
- दोहोरो नागरिकता सम्बन्धी छलफल कार्यक्रम
- पशुपतिमा कृयापुत्री भवनको डा. उपेन्द्र महतोबाट सिलान्यास
- बेल्जियममा एनआरएन युरोप क्षेत्रीय महिला सम्मेलन २०१० सम्पन्न
- अध्यक्ष देवमान हिराचनलाई पहिलो गैरआवासीय नेपाली परिचय पत्र
- अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रली हस्तान्तरण
- विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट
- अध्यक्ष देवमान हिराचन प्रमुख अतिथि
- दोहोरो नागरिकता सम्बन्धी अन्तरकृया कार्यक्रम
- अन्तर्राष्ट्रिय समन्वय परिषदको २१ औं साइवर वैठक सम्पन्न
- गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ बीच सहमतीपत्रमा हस्ताक्षर
- उपाध्यक्ष जीवा लामिछाने र सागर नेपालको एक संक्षिप्त परिचय
- राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम


## संघका अध्यक्ष देवमान हिराचनको नेतृत्को प्रतिनिधि मण्डलले सम्मानानीय राष्ट्रपति, प्रधानमन्त्री, संविधान सभाध्यक्ष, विभिन्न राजनैतिक पार्टीका बरिष्ठ नेताहरु लगायत अन्य विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट

२०१० फेब्रुअरी ९ देखी फेब्रुअरी १९ सम्म गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वको एक प्रतिनिधि मण्डलले सम्मानानीय राष्ट्रपति डा. रामवरण यादव, सम्मानानीय प्रधानमन्त्री माधवकुमार नेपाल, सम्मानानीय संविधान सभाका अध्यक्ष सुवाष नेम्वाङ्ग र माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री सुजाता कोइरालासंग वेग्ला वेग्लै शिष्टाचार भेटघाट गरेको छ । उक्त भेटघाटमा मूख्य गरी नेपालको संविधान निर्माण प्रकृया, विदेशमा रहेका नेपालीहरुका समस्या र दोहोरो नागरिकता बारेमा छलफल भएको थियो ।



यसै गरी उक्त प्रतिनिधि मण्डलले एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" र बरिष्ठ नेता डा. बाबुराम भट्टराई, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल र बरिष्ठ नेता केपि शर्मा ओलि, नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेल र बरिष्ठ नेता शेरवहादुर देउवा, मधेशी जन अधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, संविधानसभा मैलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिका सभापति बिन्दा पाण्डे लगायतका विशिष्ट व्यक्तिहरुसंग वेग्ला वेग्लै भेटघाट र छलफल गरेको थियो ।

छलफलमा मूख्य रुपमा अब बन्ने संविधानमा दोहोरो नागरिकता सम्बन्धी प्रावधान गरियोस र समयमा नै संविधान बनोस भन्नेमा केन्द्रित थियो । विभिन्न पार्टिका नेताहरुले गैरआवासीयहरुको दोहोरो नागरिकताको विषयमा आफ्नो पार्टी भित्र अझ विस्तृत रुपमा छलफल गर्ने र यसलाई संवैधानिक समितिमा शसक्त रुपमा छलफल गराउने विचारहरु व्यक्त गर्नु भयो । समयमा नै संविधान बनोस भन्नेमा सबै राजनैतिक दलका नेताहरु प्रयत्नशिल भएको र दलहरु विशेष गरी प्रमुख दलहरु विच आपसी समझदारी भएमा समयमा नै संविधान बनाउन अझै सकिन्छ भन्ने कुरा उहाँहरुले राख्नु भयो । उक्त प्रतिनिध मण्डलमा संघका सल्लाहकार डा. जुगल भूर्तेल, सचिव तेन्जी शेर्पा, कोषाध्यक्ष रामेश्वर शाह, संघका प्रवक्ता डा. कुमार बस्नेत, एशिया प्यासेफिकका क्षेत्रीय संयोजक गणेश इजाम, युवा मामिला संयोजक भवानी प्रसाद ओलीका साथै काठमाडौंमा उपलव्ध हुनु भएका अन्य आइसिसि एवं एनसिसि सदस्यहरुको उपस्थिति रहेको थियो ।

### प्रमुख संरक्षक डा. उपेन्द्र महत्वको नेतृत्वमा नेपाल पर्यटन वर्ष २०११ कोशुभारम्भ कार्यक्रमको मार्चपास्टमा सहभागिता




२०१० फेब्रुअरी २६ का दिन नेपाल पर्यटन वर्ष २०११ को औपचारिक शुभारम्भ कार्यक्रममा सहभागीता जनाउन गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतोको नेतृत्वमा काठमाडौंको प्रज्ञा प्रतिष्ठानबाट सैनिक मञ्चसम्म गैरआवासीय नेपाली संघको व्यानर लिएर मार्चपास्ट गरिएको थियो । पर्यटनका लागि संगसंगै भन्ने नाराका साथ सुरु गरिएको कार्यक्रममा गैरआवासीय नेपाली संघको तर्फबाट डा. महतोले प्रतिवद्धता व्यक्त गर्दै नेपाल पर्यटन वर्षलाई सघाउन विदेशमा बस्ने नेपालीहरुले आ-आफ्नो ठाउँबाट सहयोग गर्ने बताउनु भयो ।

उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघको तर्फबाट डा. महतोका साथ साथै सल्लाहकार डा. जुगल भूर्तेल, संघका उपाध्यक्ष जीवा लामिछाने, एशिया प्यासेफिक क्षेत्रका संयोजक गणेश इजाम, अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु डा. बद्री केसी, सुधिर तिमिल्सिना, सपिला राजभण्डारी, आशिष शेरचन, पूर्व आइसिसि सदस्य निलेन्द्र राज श्रेष्ठ, एनसिसि रुसका कोषाध्यक्ष रंगनाथ पौडेल, एनआरएन युएसएका शिशिर भट्ट, जापानका एनआरएन कपिलदेव थापा लगायत अन्य गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो ।

## दोहोरो नागरिकता सम्बन्धी छलफल कार्यक्रम



२०१० फेब्रुअरी १२ का दिन दोहोरो नागरिकता सम्बन्धी एक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले दोहोरो नागरिकताको विषयमा संघको धारणा राख्दै अब नयाँ बन्ने संविधानमा विदेशी मुलुकको नागरिकता लिएका व्यक्ति वा नेपाली नागरिकका विदेशी नागरिकता भएका सन्तानलाई पनि नेपालसंगको सम्बन्ध अटुट राख्ने प्रष्ट व्यवस्था गरिनु पर्दछ भन्ने धारणा राख्नु भयो । उहाँले नेपालीहरुको विदेश जाने र त्यही पेशा व्यवसाय गरी बस्ने क्रम बढ्दै जाँदा विभिन्न कारणले साविकमा नेपाली नागरिक रहेका व्यक्तिहरु नेपाल प्रति समर्पित हुँदाहुँदै पनि विदेशी मुलुकको नागरिकता लिन थालेका जानकारी दिनु भयो । नेपालीहरुले नेपाल प्रतिको माया कम भएर होइन आफ्नो पेशागत विकासमा आफु बसेको मुलुकको नागरिकता लिदां सहज हुने भएर त्यहाँको नागरिकता लिन थालेका धारणा राख्नु भयो । उहाँले विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिलाई नेपालको नागरिकता कायम राखी राख्न दिएमा नेपाल कै हित हुने र विश्वका धेरै मुलुकले दोहोरो नागरिकताको व्यवस्थालाई स्वीकार गरिसकेका कुरा पनि बताउनु भयो ।

कार्यक्रममा सहभागी सभासदहरुले यसबारे सम्बन्धित समितिमा पनि बहस भएको र संवैधानिक समितिमा पनि छलफल हुनसक्ने बताउँदै गैरआवासीय नेपालीहरुले उठाएका दोहोरो नागरिकता बारे एउटा आधिकारीक धारणा बुंदागत रुपमा ल्याउन सुझाव पनि दिनु भयो । उहाँहरुको पार्टीको यस विषयमा सकारात्मक धारणा रहेको बताउनु भयो ।

उक्त कार्यक्रममा विनाविभागिय मन्त्री मा. लक्षमणलाल कर्ण, मा. अग्नी खरेल, मा. डा. प्रकाशचन्द्र लोहनी, मा. राधेश्याम अधिकारी, मा. खिमलाल देवकोटाको सहभागिता रहेको थियो । त्यस्तै गैरआवासीय नेपाली संघका सल्लाहकारहरु विश्वकान्त मैनाली, डा. जुगल भूर्तेल, संघका प्रवक्ता डा. कुमार बस्नेत, युवा मामिला संयोजक भवानी प्रसाद ओली, एनसिसि युकेका कूल आचार्य, दिनेश त्रिपाठी लगायतको सहभागिता रहेको थियो ।

## पशुपतिमा कृयापुत्री भवनको डा. उपेन्द्र महतोबाट सिलान्यास




२०१० फेब्रुअरी २६ का दिन पशुपतिको राजराजेश्वरी घाटमा आफू र आफ्नो परिवारको सहयोगमा दोस्रो चरणमा निर्माण भैरहेको कृयापुत्री भवनको गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतोले सिलान्यास गर्नु भयो । उक्त कार्यक्रममा डा. महतोले देशको लागि केहि गर्न सकेकोमा खुशी व्यक्त गर्दै देशको लागी आफुखुशी थोरै मात्रामा भए पनि सहयोग गरेमा ठूलो पुण्यको काम हुने बताउनु भयो । पशुपित विकास क्षेत्र कोषले आयोजना गरेको कार्यक्रममा संघका सल्लाहकार डा. जुगल भूर्तेल, विश्वकान्त मैनाली,

उपाध्यक्ष जीवा लामिछाने र विभिन्न देशबाट आउनु भएका गैरआवासीय नेपालीहरुको उपस्थिति रहेको थियो । डा. महतोको आर्थिक सहयोगमा करीब ३ करोडको लागतमा कृयापुत्री भवनको दोस्रो चरणको कार्य भैरहेको छ । स्मरण रहोस पहिलो चरणको भवन निर्माण पनि डा. महतोको आर्थिक सहयोगमा सम्पन्न भएको थियो ।

## बेल्जियममा एनआरएन युरोप क्षेत्रीय महिला सम्मेलन २०१० सम्पन्न






६ मार्च २०१० अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को वाषिर्क कार्यक्रम अर्न्तगत आयोजित तथा "शान्त र समृद्ध राष्ट्र निर्माणको लागी प्रवासी नेपाली नारीको एक मात्र ध्यान, राष्ट्र विकास निर्माणमा नारी एकजुट भै सदैव देखाउछौं विश्वमा शान" भन्ने मूल नाराका साथ दोश्रो यूरोप स्तरीय क्षेत्रीय महिला सम्मेलन यही ६ मार्च २०१० का दिन बेल्जियमको आन्त्वारपेन शहरमा भव्यता साथ सम्पन्न भएको छ ।

उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजता कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा उप-प्रधानमन्त्री सुजाता कोइरालासँगै भ्रमणदलका सदस्यहरु, नेपाली राजदूत प्रमेशकुमार हमाल, एन.आर.एन.ए का प्रमुख संरक्षक डा. उपेन्द्र महतो, एन.आर.एन.ए. संरक्षक राम प्रताप थापा, युरोप क्षेत्रीय संयोजक क्या. हितमान गुरुङ्ग, युरोपका क्षेत्रीय सह-संयोजक रविन्द्रमान श्रेष्ठ, आइसिसि महिला मामिला संयोजक उषा शर्मा, आइसिसि सदस्य हरिहर अर्याल (फ्रान्स),कुमार पन्त (जर्मनी),रमेश त्वयना (लग्जम्वर्ग), मकर हमाल (पोर्तुगल ), अर्जुन कुमार श्रेष्ठ (बेल्जियम)आदीको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा संघका प्रमुख संरक्षक डा. उपेन्द्र महताले आफ्नो मन्तव्य दिदै नेपालीहरु जहाँ, जुन अवस्थामा भए पनि नेपाल देश सुख, शान्त, सुन्दर र समृद्ध भएको देख्न चाहने हुनाले दोश्रो यूरोप स्तरीय महिला सम्मेलनले व्यवहारिक रुपमा सुन्दर समृद्ध नेपाल निर्माणका निम्ति सहयोग पुग्ने खालको सन्देश दिनुपर्ने वताउनु भयो । आइसिसि महिला मामिला संयोजक श्रीमती उषा शर्माले उपस्थित सबैलाई हार्दिक स्वागत गर्नुहुदै महिला हिंसा, दमन,उत्पीडनको अन्त्य गर्नको निम्ति सरकारले ठोस कदम चाल्नु पर्ने आग्रह गर्दै नेपाली महिला कामदारहरुलाई वैदेशिक रोजगारमा पठाउँदा मानवअधिकारको राम्रो प्रत्याभूति भएको देशहरुमा मात्र पठाउन नेपाल सरकारसँग हार्दिक अनुरोध गर्नुभयो ।

सम्मेलनका प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री सुजाता कोइरालाले सम्मेलनमा सहभागी हुने अवसर पाएकोमा सम्मेलनका आयोजकलाई धन्यवाद दिनुका साथै छलफलमा निस्केका सुझावहरुलाई नेपाल सरकारले आत्मसाथ गर्ने बताउनु भयो । सम्मेलनका प्रमुख अतिथि उप-प्रधानमन्त्री सुजता कोइराला एवं महिला मामिला संयोजक श्रीमती उषा शर्माले सम्मेलनको समुद्घाटन संयूक्त

रुपमा दिप प्रज्जवलन गरी गर्नु भएको थियो । सम्मेलनमा सीपमूलक तथा सुरक्षित वैदेशिक रोजगारीको लागि प्रवासी नेपाली नारीहरुको चुनौती र अवसरहरु, राष्ट्रनिर्माणमा प्रवासी महिलाको भूमिका, प्रवासी नेपाली नारी जागरणमा एन.आर.एन.को भूमिका, आमाको नामबाट बच्चालाई नागरिकता आवश्यकता र यसको उपयोगिता र एन.आर.एन. परिचय-पत्र, नेपाली नारीहरुको सन्दर्भमा यसको महत्व र विशेषता आदि विषयमा कार्यपत्र पेश गरिएका थिए । प्रस्तुत कार्य पत्रमाथि छलफल गरी सम्मेलनले दोश्रो युरोप क्षेत्रीय महिला सम्मेलन घोषणा पत्र ०६ मार्च २०१० जारी गरेको छ ।



## अध्यक्ष देवमान हिराचनलाई गैरआवासीय नेपाली परिचय पत्र प्रदान

२०१० मार्च ३ का दिन माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री सुजाता कोइरालाले परराष्ट्र मन्त्रालयमा एक समारोह बिच गैरआवासीय नेपाली संघका अध्यक्ष देवामान हिराचनलाई पहिलो नम्वरको विदेशमा रहेका नेपाली नागरिकको परिचय पत्र प्रदान गर्नु भयो । उक्त अवसरमा माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री कोइरालाले विदेशमा रहेका नेपालीहरुलाई परिचय पत्र दिएर उनीहरुलाई नेपालप्रति आकर्षण गराई विभन्न क्षेत्रमा लगानी गरी देशको आर्थिक विकासमा सहयोग पुग्ने कुरा बताउनु भयो ।

संघका अध्यक्ष हिराचनले परिचय पत्र दिन सुरु गरेकोमा नेपाल सरकार प्रति आभार प्रकट गर्दै विगत संघले गर्दै आएको प्रयास सफल भएको बताउनु भयो । उक्त समारोहमा परराष्ट्र मन्त्रालयका सहसचिव खगनाथ अधिकारी , परराष्ट्र मन्त्रालयका उच्चपदस्थ कर्मचारीहरु, गैरआवासीय नेपाली संघका युवा मामिला संयोजक भवानी ओली तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## अन्तर्राष्ट्रिय विमानस्थललाई गैरआवासीय नेपालीहरुबाट उपलव्ध गराएको ट्रली हस्तान्तरण

विदेशमा रहेका नेपालीहरुको श्रोत परिचालन गरी नेपालको अन्तर्राष्ट्रिय विमानस्थललाई सुविधा सम्पन्न बनाउने उद्देश्यले गैरआवासीय नेपालीहरुद्वारा संकलित २१६ वटा ट्रलिहरु २०६६ माघ २८ गतेका दिन एक समारोहको विच विमानस्थलाई हस्तान्तरण गरियो। उक्त ट्रलिहरु गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनले त्रिभुवन विमान स्थलका महाप्रबन्धक दिनेश श्रेष्ठलाई हस्तान्तरण गर्नु भयो। उक्त कार्यक्रमका मुख्य अतिथि पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय शरतसिंह भण्डारीले विदेशमा बसेका नेपालीहरुले ट्रलि प्रदान गरी सहयोग गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो।

यसै गरी गैरआवासीय नेपाली संघका अध्यक्ष हिराचनले काठमाडौंको अन्तर्राष्ट्रिय विमान स्थलमा विदेशीले नेपालमा पहिलो पाइला टेक्ने र विमानस्थलको अवस्थाबाट नै आफ्नो मानसपटलमा नेपालको छवि बनाउने हुँदा गैरआवासीय नेपालीहरुले श्रोत परिचालन गरी अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रलीहरु उपलब्ध गराएको बताउनु भयो। उहाँले काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थललाई पहिलो चरणमा १०० र यस पटक २१६ वटा ट्रलीहरु उपलब्ध गराएको जानकारी दिनु भयो र भविष्यमा पनि विमानस्थल सुधारका अन्य क्षेत्रमा पनि सहयोग गर्ने कुरा बताउनु भयो।

उक्त समारोहमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरु, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका उच्च तहका कर्मचारीहरु, गैरआवासीय नेपाली संघका सल्लाहकार डा. जुगल भूर्तेल, गैरआवासीय नेपाली संघका सचिव तेन्जी शेर्पा, गैरआवासीय नेपाली संघका प्रवक्ता डा. कुमार बस्नेत, गैरआवासीय नेपाली संघका युवा मामिला संयोजक भवानी प्रसाद ओली, गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद युकेका उपाध्यक्ष कूल आचार्यका साथै पत्रकार एवं संचारकर्मीहरुको उपस्थिति रहेको थियो।






## गैरआवासीय नेपालीहरुको एक प्रतिनिधि मण्डलद्वारा राष्ट्रपति प्रधानमन्त्री, संविधान सभा अध्यक्ष लगायत अन्य विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट

२०१० जनवरी १३ र १४ मा गैरआवासीय नेपाली संघका सल्लाहकार प्रो. सुर्य सुवेदीको नेतृत्वको एक प्रतिनिधि मण्डलले सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल, सम्माननीय संविधान सभाका अध्यक्ष सुवास नेम्वाङ्ग, संविधानसभा संवैधानिक समितिका सभापति माननीय निलाम्वर आचार्य, संविधानसभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिका सभापति माननीय बिन्दा पाण्डे लगायत अन्य विशिष्ट व्यक्तिहरुसंग वेग्ला वेग्लै शिष्टाचार भेट गरेको छ । उक्त भेटघाटहरुमा मुख्य रुपमा दोहोरो नागरिकता बारे छलफल गरिएको थियो । जसमा मुख्य रुपमा सार्क मुलुक बाहेकका देशमा रहेका नागरिकहरुले तहांको नागरिकता लिए पनि नेपालको नागरिकता त्याग्नु नपर्ने व्यस्था अब बन्ने संविधानमा प्रावधान गरियोस भन्ने बारे मुख्य जोड दिइएको थियो । यसमा विभन्न पार्टीका शिर्षस्थ नेताहरुले सकारात्म रुपमा पहल गर्ने धारणा राखेका थिए ।

## अध्यक्ष देवमान हिराचन मकवानपुर उद्योग वाणिज्य संघको साधारण सभामा प्रमुख अतिथि

मकवानपुर उद्योग वाणिज्य संघको निमन्त्रणामा अध्यक्ष हिराचन उक्त संघको ४३ औं वार्षिक साधारण सभाको समुद्घाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको छ । उहाँले उक्त साधारण सभामा जिल्लाका व्यवसायीहरुसंग सहकार्य गरी उद्योग व्यवसायको विकासमा सहयोग गर्न गैरआवासीय नेपालीहरु माझ पनि आफूले पहल गर्ने कुरा बताउनु भयो ।

## दोहोरो नागरिकता सम्बन्धी अन्तरकृया कार्यक्रम



२०१० जनवरी १५ का दिन दोहोरो नागरिकता सम्बन्धी एक अन्तरकृया आयोजना गरिएको थियो । उक्त कार्यक्रममा मुख्य रुपमा सार्क मुलुक बाहेकका देशमा रहेका नेपालीहरुले तहांको नागरिकता लिए पनि अब बन्ने संविधानमा नेपालको नागरिकता त्याग्नु नपर्ने व्यवस्था गरियोस भन्ने बारेमा छलफल भएको थियो । कार्यक्रममा दोहोरो नागरिकताको पक्षमा संघका सल्लाहकार प्रो. सुर्य सुवेदीले कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यक्रममा सहभागी संविधान सभा सदस्यहरुले संविधान सभामा यस बारे चर्चा भैरहेको जानकारी दिनु भयो । साथै उहाँहरुले गैरआवासीय नेपालीहरुले उठाएका दोहोरो नागरिकता बारे एउटा आधिकारीक धारणा बुंदागत रुपमा ल्याउन सुझाव पनि दिनु भयो । उक्त कार्यक्रममा विनाविभागिय मन्त्री मा. लक्षमणलाल कर्ण, मा. अग्नी खरेल, मा. डा. प्रकाशचन्द्र लोहनी, मा. राधेश्याम अधिकारी, मा. खिमलाल देवकोटाका साथै मा. पम्फा भुसालले भाग लिनु भएको थियो भने गैरआवासीय नेपालीहरुका तर्फ बाट प्रो. सुवेदीका अतिरिक्त गैरआवासीय नेपाली संघका सल्लाहकारहरु कुलचन्द्र गौतम, विश्वकान्त मैनाली, डा. जुगल भूर्तेल, सचिव तेन्जी शेर्पा, आइसिसि सदस्य डा. बद्री केसी र अन्य देशबाट आउनु भएका राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको पनि सहभागिता रहेको थियो ।

## गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको २१ औ साइवर वैठक सम्पन्न



२०१० १३ र २० डिसेम्बरमा संघका अध्यक्ष देवामान हिराचनको अध्यक्षतामा अन्तर्राष्ट्रिय समन्वय परिषदका २१ औ साइवर वैठक सम्पन्न भएको छ । १३ तारिखमा भएको वैठक प्राविधिक कारणले गर्दा पुरा हुन नसकेकोले २० तारिखमा उक्त वैठक फेरी सम्पन्न भएको थियो । उक्त वैठकमा गैरआवासीय नेपाली संघको सल्लाहकारहरु, युवा मामिला संयोजक र सहयुवा मामिला संयोजक, बाँकीका आइसिसि सदस्यहरुको मनोनयन, टास्कफोर्सहरुको गठन, विधान समिती गठनका साथै अन्य महत्वपूर्ण कुराहरुमा निर्णय भएका छन् । उक्त वैठकको संयोजन महासचिव रतन झाले गर्नु भएको थियो भने पदाधिकारी लगायत ४१ जना सदस्यहरुले भाग लिनु भएको थियो ।

## गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ बीच सहमतीपत्रमा हस्ताक्षर

मिति २०६६ फाल्गुण ७ का दिन मुलुकको आर्थिक रुपान्तरणका लागि सहकार्य गर्ने उद्देश्यले गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ बीच एक सहमतीपत्रमा हस्ताक्षर गरिएको छ । गैरआवासीय नेपाली संघले महासंघसंग मिलेर कार्यहरु अघि बढाउदै आएको छ । सहमतीपत्रमा एनआरएनएका अध्यक्ष देवमान हिराचान र महासंघका अध्यक्ष कुशकुमार जोशीले एक समारोह बीच आज हस्ताक्षर गर्नुभयो । नेपाली व्यावसायिक समुदाय र गैरआवासीय नेपाली बीचको सहकार्यबाट मुलुकको आर्थिक रुपान्तरण गर्ने लक्ष्य सहमति पत्रले लिएको छ ।

सहमतीपत्रमा महासंघद्वारा नेपाल सरकारको सहयोगमा संचालित इलम प्रशिक्षण केन्द्रलाई सहयोग पुर्याउन र एनआरएनबाट थप रु. १०,००,०००/- (अक्षरेपी दशलाख) उपलव्ध गराउने विषयहरु समेत समेटिएका छन् ।

यसैबीच सहमतीपत्र हस्ताक्षर पश्चात एनआरएनएका अध्यक्ष हिराचनले सहमतीपत्रमा उल्लेख भए वमोजिमको रु. दश लाखको चेक महासंघका अध्यक्ष जोशीलाई हस्तान्तरण गर्नुभयो। स्मरणीय छ यसअघि एनआरएनएले इलम प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन रु. १५,००,०००/- उपलव्ध गराई सकेको छ ।

# संक्षिप्त परिचय



## उपाध्यक्ष जीवा लामिछाने

चितवन पदमपुर घर भएका जीवा लामिछाने हाल मस्को रुसमा व्यवसायरत हुनुहुन्छ । चितवन जिल्ला रत्ननगर स्थित नेपाल माध्यमिक विद्यालयबाट स्कुली शिक्षा र इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोकबाट इन्जिनियरिङ्ग विषयमा प्रविणता पत्र तहको अध्ययन पुरा गरी उच्च शिक्षाका लागि सन् १९८६ मा मस्को पुग्नु भएका श्री लामिछानेले मस्को सिभिल इन्जिनियरिङ्ग विश्वविद्यालय बाट सिभिल इन्जिनियरिङ्गमा स्नातकोत्तर गर्नु भएको छ ।

श्री लामिछानेको रुस र संयुक्त अरव एमिरेटसमा कन्ज्युमर इलेक्ट्रोनिक्स तथा रियल इस्टेट सम्बन्धी व्यवसाय रहेको छ । नेपालमा लामिछाने सानिमा विकास वैंक, कान्तिपुर टेलिभिजन, कान्तिपुर इन्जिनियरिङ्ग कलेज, सानिमा हाइड्रो लगायतका प्रतिष्ठानहरुमा संलग्न रही आउनु भएको छ । खेमलाल हरीकला सामाजिक सेवा ट्रस्टका संरक्षक रहनु भएका श्री लामिछानेले नेपाल र विदेशमा साहित्य, कला, शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, वातावरण संरक्षण आदि धेरै क्षेत्रमा योगदान गर्नु भएको छ । गैरआवासीय नेपाली संघको परोपकारी कार्य सम्बन्धी कार्यदलका संयोजक रहनु भएका लामिछानेले संघको बाढीपिडितको लागि सहयोग, वृद्धाश्रम निर्माण, राष्ट्रिय समन्वय परिषदका सामाजिक सेवाका परियोजना आदिको लागि श्रोत जुटाउने काममा सकृय रहदै आउनु भएको छ ।

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनमा उपाध्यक्षमा निर्वाचित श्री लामिछाने संघको स्थापनाकाल देखि नै रुसी महासंघबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य रही आउनु भएको छ ।



## उपाध्यक्ष सागर नेपाल

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनमा उपाध्यक्षमा निर्वाचित वि.वि क्षेत्री (सागर नेपाल) को जन्म चितवनको दारेन्चोक गाविसमा भएको हो । वाणिज्य शास्त्रमा स्नातक गरेका श्री नेपाल विगत डेढ दशक देखि कतारको दोहामा रहदै आउनु भएको छ । उहाँको हाल कतारमा निर्माण र व्यापार सम्बन्धि कंपनि रहेको छ भने नेपालमा उहाँ स्पिरिट अफ नेपाल एयरलाइन्सको संस्थापक हुनुहुन्छ ।

गैरआवासीय नेपाली संघको प्रारम्भ देखि नै संघको विभिन्न पदमा कार्यरत रहँदै आउनु भएका श्री नेपाल यस अघिको अन्तर्राष्ट्रिय समन्वय परिषदमा सचिवको पदमा कार्यरत हुनुहुन्थ्यो । श्री नेपाल वैदेशिक रोजगारिमा जानेहरुको समस्याका बारेमा विशेष दखल राख्नु हुन्छ ।

आफ्नो विदेश बसाईको सुरुबाट नै विदेशमा कार्यरत नेपालीहरुको लागि सामाजिक सेवा कार्यमा संलग्न श्री नेपाल नेपालीहरुको लागि कल्याणकारी कार्य गर्ने उद्देश्यले कतारको दोहामा पहिलो पल्ट स्थापित नेपाली कल्याणकारी संघ दोहाको संस्थापक महासचिव हुनुहुन्छ ।

कतारमा विपतमा परेका धेरै नेपालीहरुको उद्दार कार्यमा संलग्न श्री नेपाललाई उहाँको सामाजिक र मानविय सेवाको कदर गर्दै कतार सरकारको कतार मानव अधिकार आयोगले सन् २००८ मा सम्मानित गरेको थियो । श्री नेपाल चितवन लगायत नेपालको विभिन्न स्थानमा भएका विभिन्न परोपकारी कार्यमा संलग्न हुँदै आउनु भएको छ ।

# राष्ट्रिय समन्वय परिषद्द्वारा आयोजित कार्यक्रम

## दोहोरो नागरिकताको व्यवस्था सम्बन्धमा नेपाल सरकारलाई ज्ञापन पत्र

नयाँ बन्ने संविधानमा गैरआवासीय नेपालीहरुका लागि दोहोरो नागरिकताको प्रष्ट व्यवस्था गर्न अनुरोध गर्दै विभिन्न देशमा गठन भएका राष्ट्रिय समन्वय परिषदहरुले आ-आफ्नो देशमा भएको नेपाली दुतावास मार्फत नेपालको संविधानसभालाई ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्र बुझाउनेहरुमा जापान, रुस, वेलायत अष्ट्रेलिया, साउदी अरेवीया, युएइ, इजराइल, क्यानाडा, कुवेत, हङकङ्ग, कोरीया, नर्वे, युएसए, स्वीटजरल्याण्ड, मलेशिया, चीन, कतार, बेल्जियम, डेनमार्क, फ्रान्स, इटाली, जर्मनी, न्युजिल्याण्ड, स्लोभेनिया, पोर्चुगल, पोल्याण्ड, थाइल्याण्ड आदि देशका एनसिसिहरु रहेका छन् । यि ज्ञापन पत्रहरु आइसिसिको निर्णय अनुसार बुझाइएका हुन ।

## एनसिसि यूएसएको वार्षिक वैठक सम्पन्न

२०१० फेब्रुअरी २० तारिखका दिन अमेरिकाको Louisville, Kentucky मा एनसिसि युएसएको वार्षिक वैठक सम्पन्न भएको छ । वैठकमा मूख्य गरी अमेरीकामा आगामी मे महिनामा हुन गैरहेको गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनको तयारीको बारेमा छलफल भएको थियो । साथै परिषदको सांगठनिक ढाँचा, एनआरएनए युएसएद्वारा संचालन भएका परियोजनाहरुका साथै अन्य विविध विषयमा छलफल भएको थियो । उक्त वैठकमा संयुक्त राज्य अमेरिकाका लागि नेपाली राजदूत डा. शंकर शर्मा प्रमुख अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो । साथै वैठकमा अन्तर्राष्ट्रिय समन्वय परिषदका महासचिव रतन झा, क्षेत्रीय संयोजक अमेरिका डा. अम्बिका अधिकारी, एनसिसिका अध्यक्ष सुमनराज तिम्सिनाका साथै अन्य गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो । वैठकले हालसम्म एनसिसिको रुपमा कार्यरत Nepalese Americas Council लाई विधिवत एनसिसि युएसएमा परिणत गर्ने निर्णय गरेको छ ।

## अमेरीकाको ह्युस्टनमा चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद युएसएको आतिथ्यमा आगामी मई महीनाको २८ देखि ३० तारिखसम्म अमेरिकाको ह्युस्टन टेक्सास शहरमा चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन आयोजना गरिने भएको छ । सम्मेलनको तयारीका लागी गैरआवासीय नेपाली संघका महासचिव रतन झाको संयोजकत्वमा एक आयोजक समिति र सम्मेलनलाई सघाउनको लागि अरु विभिन समितिहरु गठन गरिएका छन् । यस अवधिमा सम्मेलनका लागि महत्वपूर्ण कार्यहरु भैरहेका छन् ।उक्त सम्मेलनमा नेपालका उच्च तहका पदाधिकारीहरु, निजी क्षेत्रका व्यवसायीहरु र विशिष्ठ व्यक्तिहरुका साथै विदेशमा रहेका राष्ट्रिय समन्वय परिषदहरुबाट सहभागिता रहने छ ।

## युकेमा नेपालीहरुको कानुन सम्बन्धि परामर्श कार्यक्रम सम्पन्न

२०१० जनवरी ३ तारिखमा एनसिसि युकेले वेलायतमा बस्ने नेपालीहरुको कानुनी हक सम्बन्धि परामर्श कार्यक्रम सम्पन्न गरेको छ। संस्थाको कानुन तथा अनुसन्धान विभागको तर्फबाट आयोजित यस कार्यक्रममा बरिष्ठ सोलिसिटर तथा एनसिसि युकेका सल्लाहकार राजु थापाले यहाँका नेपालीले दैनिक जिवनमा भोगेका विभिन्न समस्याहरुसंग सम्बन्धित कानुनी विषयहरुमा परामर्श दिनु भएको थियो । कार्यक्रमको अन्त्यमा एनसिसि युकेका अध्यक्ष सुर्य गुरुङले संस्थाको वारेमा उठेका विभिन्न जिज्ञासाहरुको वारेमा स्पष्ट पार्नुभएको थियो।

## एनसिसि युकेको नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलसंग अन्तरकृया कार्यक्रम

जनवरी १६ तारिखमा एनसिसि युकेले नेपाली कांग्रेस संसदीय दलका नेता मा. रामचन्द्र पौडेलसंग अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ । "गैर-आवासीय नेपालीलाई दोहोरो नागरिकता र देशको समसामयीक राजनीति" विषयक अन्तरकृया कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष सुर्य गुरुङले गर्नुभएको थियो ।कार्यक्रमलाई सम्बोधन गर्दै नेता पौडेलले देशप्रति चिन्ता र चासो लिदै यसखालको कार्यक्रम आयोजना गरी अन्तरकृयामा सहभागी बन्ने अवसर दिएकोमा एनसिसि युकेलाई धन्यवाद दिनुभएको भयो ।

दोहोरो नागरिकताको प्रसंङ्गमा वहाँले सन् २००६ मा एनसिसि युकेले ईलिङ्ग टाउनहलमा आयोजना गरेको कार्यक्रमको संझना गर्दै त्यतिखेरको समयमा परिचयपत्रसम्मको माग रहेकोले त्यो कुरा पुरा भईसकेको र हाल दोहोरो नागरिकताको व्यवस्थाको माग रहेकोले यस सम्बन्धमा पनि आफु स्पष्ट रहेको कुरा बताउनुभयो ।

कार्यक्रममा एन.आर.एन.ए आई.सि.सि. सदस्य डा. हेमराज शर्माले दोहोरो नागरिकताको ऐतिहाँसिक पृष्ठभुमि, अन्तर्राष्ट्रियस्तरमा यसको प्रयोग, नेपालका विभिन्न राजनीतिक दलहरुको दोहोरो नागरिकता सम्बन्धमा चुनावी घोषणापत्रमा लेखिएका प्रतिबद्धताहरु आदिको वारेमा कार्यपत्र पेश गर्नु भएको थियो भने एन.आर.एन.ए युरोप क्षेत्रका कोअर्डिनेटर क्या. हितमान गुरुङले दोहोरो नागरिकताको वारेमा एन.आर.एन.ए ले चलाउदै आएको अभियानको वारेमा जानकारी गराउनु भएको थियो ।

### एनसिसि युकेको कार्यसमितिको चौंथो बैठक सम्पन्न

फेब्रुवरी १३ मा एनसिसि युकेको कार्यसमितिको चौंथो बैठक विभिन्न महत्वपूर्ण निर्णयहरुका साथ सम्पन्न भएको छ । संघका अध्यक्ष सुर्य गुरुङको अध्यक्षतामा बसेको बैठकमा एन.आर.एन.ए अन्तर्राष्ट्रिय समन्वय परिषदका सल्लाहकार प्रो.डा. सुर्य सुवेदी, युरोपका क्षेत्रीय संयोजक क्या. हितमान गुरुङ, युकेका अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु विजय थापा, लक्ष्यबहादुर गुरुङ र डा. हेमराज शर्माको विशेष उपस्थिती रहेको थियो ।



### साउदी अरबमा नेपालीहरुको साझा संयन्त्र

१५ जनवरी २०१० साउदी अरेवीयामा कृयाशिल नेपालीहरुका बिभिन्न संघ संस्थाहरु, समाजसेवी, ब्यवसायी तथा बुद्धिजीवीहरुको दमाममा आयोजित एक बिशेष अन्तरकृया कार्यक्रममा यहाँका नेपालीहरुका बिभिन्न साझा समस्याहरुको पहिचान गर्दै ती समस्या समाधानार्थ सामुहिक र एकिकृत रुपमा पहल गर्न उपस्थित सबैको सर्व सम्मतिमा एक साझा संयन्त्रको निर्माण गर्ने निर्णय गरिएको छ। एनआरएनए साउदी अरबको संयोजकत्वमा सबै संघ संस्थाहरुबाट प्रतिनिधित्व रहने गरी गठन गरिने एक बिशेष समितिले साझा संयन्त्रको रुपमा काम गर्ने छ। अन्तरकृयाको आयोजक एनआरएनए साउदी अरेबीयाले यस्तै अन्तरकृया साउदी अरबको रियाद र अन्य शहरमा समेत गर्ने जनाएको छ। एनआरएनए एनसिसि साउदी अरबका अध्यक्ष धरम के.सी.को अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

### राजदूत डा. चालिसेको सम्मानमा एनसिसि युकेको स्वागत कार्यक्रम

फेब्रुवरी ७ तारिखका दिन एनसिसि युकेले वेलायतका लागि नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसेको सम्मानमा स्वागत कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रमको अध्यक्षता एनसिसि युकेका अध्यक्ष सुर्य गुरुङले गर्नु भएको थियो । कार्यक्रममा युकेमा क्रियाशिल ७० भन्दा बढी संघसंस्थाका प्रतिनिधीहरु, एन.आर.एन.एका विभिन्न राष्ट्रीय तथा अन्तर्राष्ट्रीय कमिटिका पदाधिकारीहरु र त्यहाँ स्थित समाजका प्रतिष्ठित ब्यक्तिहरुको उपस्थिती रहेको थियो ।

### एनसिसि साउदी अरबद्वारा आइसिसिमा मनोनित सदस्यको सम्मान

एनसिसि साउदी अरेवीयाले हालै आइसिसीको सदस्य पदमा मनोनित हुनुभएकी श्रीमती यास्मिन बेगमलाई स्वागत गरेको छ। १ जनवरी २०१० मा नेपाली दुतावास रियादको प्रांगणमा आयोजित संघको राष्ट्रिय समन्वय परिषदको नियमित छैठौ बैठककै अवसरमा राजदुत हमिद अन्सारी तथा संघका अध्यक्ष धरम के.सी.ले फूलको गुच्छाले निज बेगमलाई सम्मान गर्नु भएको थियो ।

यास्मीन बेगमले आफू अप्रत्यक्ष रुपमा धैरै पहिलेदेखि नै बडो अभिरुचीका साथ संघका हरेक तहका कृयाकलापहरुमा चासो राख्दै आएको र आइसिसीको सदस्यको गरिमामय पदमा आफ्नो मनोनयनले अब खुला र औपचारिक रुपमै आंफूले भूमिका खेल्ने अवसर पाएको र सो का लागि आफू तत्पर रहेको बताउनु भयो। यसै बैठकमा राजदुतले काठमाडौं विमानस्थलका लागि ट्रली प्रदान गर्नुहुने चोला पाठक, तारा भण्डारी, बिमल गौतम, गोपाल घिमिरे, बिदुर कोइराला, राजु सैयद, राम बेलबासे, धरम के.सी., राम श्रेष्ठ, पुरुषोत्तम श्रेष्ठ, छोटु थापा र रमेश भण्डारीलाई प्रशंसा पत्र सहित सम्मान गर्नु भएको थियो ।

### दक्षिण कोरियाद्वारा नेपाल हाउस च्यारिटी भव्यताका साथ सम्पन्न

जनवरी ३ तारिख आईतबारको दिन एनसिसि दक्षिण कोरिया द्वारा आयोजित नेपाल हाउस च्यारेटि सो कोरियाको राजधानी सिओलको दोङगुग युनिभरसिटिको सांस्कृतिक भवनमा सम्पन्न भएको छ। सो कार्यक्रममा कोरियामा विभिन्न पेशामा आवद्ध नेपालीहरुको बृहत उपस्थिती रहेको थियो ।

नेपाल हाउसको सोच तत्कालरुपमा आपतमा परेका नेपालीहरुका लागि सुरक्षित बासस्थानका रुपमा लिइए तापनि दिर्घकालिन रुपमा, नेपाली राजदूतावास तथा कोरियावासी नेपाली समुदाय तथा संघ संस्थाको सहयोगमा कोरियाली भूमिमा नेपालको थप चिनारी दिन नेपालको विविध साँस्कृतिक तथा ऐतिहासिक तथ्यहरुलाई प्रस्ट्याउन, नेपालको पर्यटकीय क्षेत्रको चिनारी र जानकारी दिन, नेपालमा लगानिका परियोजना बारे लगानीकर्तालाई आकर्षित गर्न सामाग्रि भएको, संग्रहालय सहितको आपत बिपतमा परेका नेपालीहरुलाई आवश्यक परामर्श दिने केन्द्रका रुपमा विकास गर्ने योजना छ । कार्यक्रम एनआरएन दक्षिण कोरियाका अध्यक्ष विनोद कुवंरको सभापतित्वमा भएको थियो भने प्रमुख




अतिथिमा कोरियाका लागी नेपाली राजदूत कमल प्रसाद कोईराला हुनुहुन्थ्यो । यसै कार्यक्रममा एनआरएनएका अध्यक्ष देवमान हिराचन, कोरिया नेपाल मैत्री एशोसियनका प्रमुख डा. लि ईन जुङ, नेपाली आमा लि गुम यन लगायत विभिन्न नेपाली तथा कोरियन धार्मिक, सामाजिक संघ संस्थाहरुका प्रतिनिधीहरुका साथै सांस्कृतिक कार्यक्रममा भागिलन नेपालबाट आउनु भएका कलाकारहरुको सहभागीता रहेको थियो ।

### एनसिसि इटाली द्वारा राजदुत डा. भट्टराईको स्वागत

२०१० १४ फेब्रुअरीमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद इटालीले स्वीट्जरल्यण्डका लागि नेपाली राजदुत डा. दीनेश भट्टराईको स्वागतमा एक कार्यक्रमको आयोजना रोम शहरमा गरेको थियो । राजदुत डा. दीनेश भट्टराईले दीप प्रज्वलन गरी उद्घघाटन गर्नु भएको कार्यक्रमको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद इटालीका अध्यक्ष शेर बहादुर तुम्बापेले सभापतित्व गर्नु भएको थियो ।

उक्त कार्यक्रममा राजदुत डा. भट्टराईले निकट भबिष्यमा रोममा महाबाणिज्य दुतको ब्यबस्था गरीने जानकारी दिनु भएको थियो । समसामयीक विषयमा केन्द्रीत उक्त कार्यक्रममा राजदुताबासले दिएको सेवा प्रसंसनीय रहेको र आगामी दिनहरुमा अझ प्रभावकारी हुने आशा सहभागीहरुले ब्यक्त गरेका थिए । कार्यक्रममा करीब ८० जना को सहभागीता रहेको थियो ।




### फ्रान्सको नान्त शहरमा नेपाल सम्बन्धी कार्यक्रम

१७ जनवरी २०१० का दिन फ्रान्सको नान्त शहरमा नेपाल सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम साँ सेवस्तियाँ सुर लुवा शहरको साँस्कृतिक विभाग, नेपाली राजदुतावास, फ्रान्स नेपाल मिडिया र गैरआवासीय नेपाली संघ फ्रान्सको संयुक्त आयोजनामा भएको थियो। यो वर्ष फ्रान्स र नेपालबीच कुटनैतिक सम्वन्ध स्थापना भएको ६०औं वर्ष भएकोले नेपाली राजदुतावासले ठाउँ ठाउँमा विभिन्न कार्यक्रम गर्दै आएको सन्दर्भमा यो कार्यक्रम भएको थियो।

कार्यक्रममा स्तम्भ लेखिका तथा साहित्यकार कल्पना घिमिरे नुरिसौंले नेपाल फ्रान्स सम्वन्धको ऐतिहासिक श्रृङ्खला बिषयमा प्रवचन दिनु भएको थियो। त्यस्तै गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य हरिहर अर्यालले नेपाललाई सहयोग गर्ने फ्रान्स स्थित विभिन्न मैत्री संघहरुको संक्षेपमा चर्चा र गैरआवासीय नेपाली संघको आवश्यकता, उद्देश्य र अभियानको महत्व माथि प्रकाश पार्दै यस विश्वव्यापी अभियानमा सहभागि भई सहयोग गर्न सबैलाई अपिल पनि गर्नु भयो। नेपाली कलाकार एवं पेरिसको दोफिन विश्वविद्यालयकी प्राध्यापक सुश्री शोभा चन्दले नेपाली परम्परागत नृत्य विषयमा प्रवचन तथा नृत्यहरु पनि प्रस्तुत

गर्नु भएको थियो। छलफलको क्रममा फ्रान्सेली परराष्ट्र मन्त्रायलका वरिष्ट अधिकृत एवं काठमाण्डौं स्थित फ्रान्सेली राजदुतावासका पूर्व प्रथम सचिव डिदिए नोरिसोले आफूले नेपालमा अनुभव गरेका नेपालको परम्परा, स्वागत, सत्कार कार्यक्रममा समयको पर्वाह नगर्ने आदि भोगेका कुराहरु सुनाउनु भएको थियो।

## एनसिसि बहराइन द्वारा हेल्पलेस कोलोनीलाई पलङ्गहरु हस्तान्तरण

मिति १८ जनवरी २०१० का दिन एनआरएनए–एनसीसी जन कल्याणकारी कोष बहराइनका संयोजक काजी थापा, एनआरएनए – एनसीसी बहराइनकी सदस्य यग्यश्वरी मल्ल (तामाङ्ग), काईजेन ग्रुप अफ कम्पनीज्का एमडी मीङमार तामाङ्ग, सोही कम्पनीका अध्यक्ष आर.पी श्रेष्ठ, हेल्पलेस कोलोनीकी केयरटेकरकी नानु राई र सो कोलोनीका सबै बालबालिकाको उपस्थितीमा एनआरएनए–एनसीसी बहराइनका अध्यक्ष श्याम तामाङ्गले नेरु. ७५,०००/– बराबरको डबलबेड प्रकारको १० वटा पलङ्गहरु हेल्पलेस कोलोनी, पासीकोट, नारायणथान, काठमाडौलाई हस्तान्तरण गर्नु भएको छ। एनआरएनए–एनसीसीले नेपालमा एक एक वटा परियोजना संचालन गर्ने निर्णय भएकोमा एनआरएनए–एनसीसी बहराइनले सो कोलोनीलाई नौ लाख बराबरको सहयोग गर्ने निर्णय गरीसकेकोले सो बमोजीम यी पलङ्ग हस्तान्तरण गरीएको हो।




## एनसीसी कतारको राजदुत डा.मिश्रसंग विविध विषयमा छलफल

२९, डिसेम्वर २००९ दोहा, कतारमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष नरेन्द्र भाटको नेतृत्वमा एक प्रतिनिधि मण्डलले नेपाली राजदुतावास कतारका राजदुत डा.सुर्यनाथ मिश्रसंग भेट गरेको छ। विशेषतः कतारमा रहेका नेपालीहरुको समस्या समाधानमा दुतावास र एनसिसि कतारले कसरी सहकार्य गर्न सक्तछन् भन्ने विषयमा उक्त भेट केन्द्रित रहेको थियो ।

उक्त अवसरमा एनसीसी कतारको गत ११ डिसेम्बरमा सम्पन्न प्रथम परिषद भेलामा प्रस्तुत सांगठनिक र आर्थिक प्रतिवेदन र संविधान सभाका सम्माननीय सभाध्यक्ष सुवाष नेम्वाङलाई सम्बोधन गरि लेखिएको ज्ञापनपत्र राजदुत डा. मिश्रलाई एनसीसी कतारका अध्यक्ष भाटले हस्तान्तरण गर्नु भयो।

वैठकमा एनसीसी कतारले नेपाल र नेपालीहरुको हितमा प्रयोग गर्ने गरी सञ्चालन गर्न लागेको "एक नेपाली एक कतारी रियल अभियान" लाई अनिवार्य नबनाई ऐच्छिक बनाईनु पर्ने विचार व्यक्त भयो। यसको रसिदमा नै स्वईच्छाले भन्ने शब्द राखेर अभियान थालिने सहमति भएको छ। एनसीसी कतारका अध्यक्ष नरेन्द्र भाटका अनुसार कतारवासी नेपलीहरुको अधिकतम सहभागिता होस भन्ने यस अभियानको मुख्य उद्देश्य रहेको छ।

## क्यानाडामा साहित्यकार कृष्ण प्रसाद पराजुलीको अभिनन्दन

२३ जनवरीका दिन ब्राम्टनमा नेपाली भाषा तथा साहित्यका बरिष्ठ साहित्यकार कृष्ण प्रसाद पराजुलीलाई एक कार्यक्रमका बिच अभिनन्दन गरिएको छ । टोरोन्टो साहित्य समाज र गैरआवासीय नेपाली संघ क्यानाडाद्वारा संयुक्त रुपमा आयोजना गरेको बसन्त श्रवण कार्यक्रमको सभापतित्व एनसिसि क्यानाडाका अध्यक्ष नवराज गुरुङ्गले गर्नु भएको थियो । सो अवसरमा कविता वाचनका साथै सरस्वतीको पूजा गरी साना साना नानीहरुलाई अक्षर चिनाइएको थियो ।

## राष्ट्रिय समन्वय परिषद यूएईद्वारा दुई राजनीतिक व्यक्तित्व सम्मानित

जनवरी १७, २०१० दुबई, यूएईमा भूतपूर्व कानून तथा न्याय मन्त्री एवं नेपाली कांग्रेसका निर्वाचित केन्द्रिय सदस्य श्री भिमबहादुर तामाङ्ग र २००७ सालको प्रजातान्त्रिक आन्दोलनका योद्धा श्री दिवाकर शर्मा पौडेललाई गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद यूएईले एक समारोको आयोजना गरी अभिनन्दन गरिएको थियो । अभिनन्दन कार्यक्रमका प्रमुख अतिथि यूएईका लागि

नेपाली राजदूत अर्जुनबहादुर थापाले 'देशले सधैं यस्ता राजनैतिक व्यक्तित्वहरुलाई जन्म देओस् भन्दै यस्ता व्यक्तित्वहरुलाई अभिनन्दन गर्ने कार्यक्रम आयोजना गरेकोमा एनसिसी यूएईलाई धन्यवाद दिनु भयो । उक्त अवसरमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका उपाध्यक्ष जीवा लामिछानेले नेपाली राजनैतिक इतिहासका ठूला व्यक्तित्वलाई शुभकामना र दीर्घायुको कामना गर्नु भयो । उहाँले नेपाल सरकारले आर्थिक कूटनीतिलाई आफ्नों परराष्ट्रनीतिको एक अभिन्न अंगको रुपमा अघि सारेको परिप्रेक्षमा विदेशस्थित नेपाली नियोगहरुले अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्ने र गैरआवासीय नेपाली संघले पनि दूतावाससँग सहकार्य गर्दै जानु पर्ने कुरामा जोड दिनु भयो ।त्यसैगरी गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्ष रामेश्वर शाहले देशमा राजनैतिक क्रान्ति भएको र अब आर्थिक क्रान्तिको खाँचो रहेको उल्लेख गर्दै आर्थिक क्रान्ति विना देशको विकास नहुने भएकोले वैदेशिक रोजगारीमा न्यून आय वर्गमा पर्ने नेपालीहरुको संचित रकमलाई पूँजिमा परिणत गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने अभिप्रायले सामूहिक लगानीकोषको अवधारणा अघि सारिएको जानकारी दिनु भएको थियो । उहाँले निर्माणाधिन संविधानमै दोहोरो नागरिकताको व्यवस्था गर्न आह्वान गर्नु भयो ।

त्यसै गरी सभापतिको आसनबाट बोल्दै गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद यूएईका अध्यक्ष चूडामणि ढकालले यूएईमा भएका सम्पूर्ण संघ संस्था, बुद्धिजीवि, ब्यवसायी, पेशाकर्मी, पत्रकार तथा उधोगीहरुसँग काँधमा काँध मिलाएर जाने विश्वास दिलाउँदै निस्वार्थ रुपमा राजनीति गरेका अभिनन्दित महापुरुषहरुसँग सिक्नु पर्ने बिचार व्यक्त गर्नु भयो ।

## एनसिसि नाइजेरयाको वार्षिक साधारण सभा सम्पन्न

०१० जनवरी २४ का दिन एनसिसि नाइजेरियाको दोस्रो साधारण सभा सम्पन्न भएको छ । सभामा मुख्य रुपमा नेपालमा परियोजनाहरु संचालनको लागी आर्थिक संकलन, नेपाल नयाँ वर्षमा सोभिनियर प्रकाशन लगायत अन्य विवध पक्षहरुमा छलफल भएको थियो । साथै उक्त सभाले हिकमत थापाको अध्यक्षतामा नयाँ कार्यकारी समिति गठन गरेको छ । उक्त सभामा एनसिसि थाइल्याण्डका अध्यक्ष रमेश हमाल प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएको थियो ।




## एनसिसि न्युजिल्याण्डका संरक्षकलाई न्युजिल्याण्डर अफ द इयर २०१० को सम्मान

३ फेब्रुअरीका दिन एनसिसि न्युजिल्याण्डका संरक्षक रे आभेरीलाई वर्ष २०१० को न्युजिल्याण्डर सम्मान बाट सम्मानित गरिएको छ ।श्री आभेरी एक वैज्ञानिक, अन्वेषणकर्ता र समाजसेवी हुनुका साथै न्युजिल्याण्डको नेपाली समाजमा राम्रोसंग परिचित हुनुहुन्छ । उहाँलाई न्युजिल्याण्डका प्रधानमन्त्री जोन कीले अकल्याण्डमा भएको एक विशेष कार्यक्रममा सम्मानित गर्नु भयो । सो कार्यक्रममा गैरआवासीय नेपाली संघ ओसिनियाका क्षेत्रीय सह संयोजक त्रिभुवन श्रेष्ठ, आइसिसि सदस्य चक्र थापा, एनसिसि न्युजिल्याण्डका अध्यक्ष भोला प्रधान, पूर्व अधक्ष्य बाबुराजा महर्जनका साथै अन्य विशिष्ठ व्यक्तिहरुको समुपस्थिति थियो ।

## मलेसियामा ६० औं प्रजातन्त्र दिवसस

२०१० फेब्रुअरी १९ का दिन मलेशीयामा रहेको नेपाली दूतावासमा ६० औं प्रजातन्त्र दिवसको उपलक्ष्यमा एक कार्यक्रम आयोजना गरिएको थियो । यसमा नेपाली दूतावासका उच्च पदाधिकारीहरु, मलेसियाका आइसिसि सदस्य भिम शेरचन, एनसिसि अध्यक्ष शङ्गकर बहादुर पौडेल, एनसिसिका उपाध्यक्ष कर्मा गुरुङ्ग र अन्य पदाधिकारीहरुका साथै मलेशियामा रहेका विभिन्न संघसंस्थाहरुले भाग लिएका थिए ।

## एनसिसि मलेसियाः एनआरएनद्वारा सदस्यहरूलाई छुटको व्यवस्था

एनआरएनको सदस्यता लिएका ग्राहकहरूलाई केही एनआरएन व्यवसायीहरुले १० प्रतिशत छुट दिने निर्णय गरेका छन् । छुट दिने निर्णय गर्नेहरूमा मनकामना सपिङ सेन्टर र गोर्खा रेष्टुरेन्ट रहेका छन्। २३ फेव्रुवरी २०१० मा बसेको एनआरएन एनसिसिको कार्यसमितिको नियमित बैठकमा सो निर्णय सुनाइएको थियो। छुट दिने निर्णय गरेका व्यापारीद्धय मनकामना सपिङ सेन्टरका हाकिम

श्रेष्ठ र गोर्खा रेष्टुरेन्टका भवानीशंकर तिवारीलाई एनसिसि अध्यक्ष शंङ्गकर बहादुर पौडेलले लोगो प्रदान गर्दै धन्यवाद दिनु भएको थियो। त्यसैगरी सुदुरपश्चिमाञ्चल सेवा समाजको पहलमा उपचार भइरहेका देशराज बोहरालाई पनि एनआरएन मलेसियाले सहयोग गर्ने भएको छ। तीनमहिना अगाडि क्वालालम्पूरस्थीत आम्पाङमा दुर्घट्नामा पर्नुभएका देशराज बोहोरालाई जनरल हस्पिटल केएलमा राखिएको छ। हालै सम्पन्न नेपाल पत्रकार महासंघ र प्रवासी तामाङ एकता समाजद्धारा आयोजित सांगीतिक कार्यक्रमबाट करिब ४ हजार आर एम चन्दा संकलन गरिएको समाजका अध्यक्ष लोकेश शाहले जानकारी गराउनु भएको छ । एनआरएनए आइसीसी सदस्य भीम शेरचन, एनसिसि अध्यक्ष शङ्गकरबहादुर पौडेल र सचिव देवेन्द्र खापुङले अस्पतालमा गई बिल मिनाहा गर्नको लागि पहल गर्नु भएको छ। स्मरण रहोस्, मलेसियाकै सेलाङ्गर राज्यभित्र पर्ने केलाङ हस्पिटलमा उपचाररत सुवास कामीको पनि एनसिसि मलेशियाको पहलमा बिल मिनाहा भएको थियो ।

### एनसिसि हङकङ्गद्वारा विभिन्न कार्यक्रम

२०१० फेब्रुअरी ५ का दिन एनसिसि हङकङ्गले हङकङ्गमा नवनियुक्त नेपाल महावाणिज्य दूत विनोद कुमार उपाध्यायको स्वागतमा नेपाल हङकङ्ग च्याम्वर अफ कमर्शसंग मिलेर एक कार्यक्रमको आयोजना गरेको छ । एनसिसि अध्यक्ष यम कुमार गुरुङ्गको अध्यक्षतामा भएको उक्त कार्यक्रममा एनसिसिका कार्यसमिति सदस्यहरु एवं हङकङ्गमा व्यवसायरत नेपाली व्यवसायीहरुको उपस्थिति थियो । त्यस्तै विभन्न सामाजिक कार्यका लागि श्रोत जुटाउन एनसिसि हङकङ्गले भ्यालेण्टाइन डे को अवसर पारी २०१० फेब्रुअरी १४ का दिन एक रात्री भोजको आयोजना गरेको छ ।

### एनसिसि नर्वेद्वारा अन्तरकृया कार्यक्रम

२०१० मार्च ८ का दिन माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री सुजाता कोइरालासंग एनसिसि नर्वेले त्यहाँ भएका संघसंस्थाहरु संग मिलेर एक अन्तरकृया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा नर्वेमा रहेका नेपालीहरुको समस्याहरु बारेमा छलफल भएको थियो । सो कार्यक्रममा माननीय सभासद रामकृष्ण यादव, उपप्रधान तथा परराष्ट्र मन्त्रीका सल्लाहार डा. चिरञ्जिवि नेपालका साथै नेपालबाट आउनु भएका विशिष्ट व्यक्तिहरुको सहभागिताका रहेको थियो भने आइसिसि सदस्य डा. सुरज थापाका साथै एनसिसि नर्वेका कार्यसमितका सदस्यहरुको उपस्थिति रहेको थियो ।

### चीनमा होली पर्व

फेब्रुअरी २०१० २८ का दिन एनसिसि चीनले गोङ्गझाउ शहरमा एक कार्यक्रमको आयोजना गरी होली पर्व मनायो । त्यहां भएका नेपालीहरुले एक आपासमा पानी छ्यापेर र अबिर लगाएर एक अर्कामा सदभावको भावना बाँडेका थिए । कार्यक्रममा एनसिसि अध्यक्ष डिल्लिराम पराजुली लगायत एनसिसिका कार्यसमिति सदस्यहरु र गोङ्गझाउमा बस्ने नेपालीहरुको उपस्थिति रहेको थियो ।

### एनसिसि मकाउको साधारण सभा सम्पन्न

१४ मार्च २०१० का दिन एनसिसि मकाउको साधारण सभा सम्पन्न भएको छ । साधारण सभामा एनसिसि मकाउको कृयाकलाप र तहां बसेका नेपालीहरुको समस्याका बारेमा छलफल भएको थियो । साथै उक्त सभाले सुदर्शन थापा मगरको अध्यक्षतामा नयाँ कार्य समिति गठन गरेको छ । साथै उक्त सभाले श्री उदय वाग्लेलाई अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्यमा निरन्तरता दिने निर्णय समेत गरेको छ ।

### एनसिसि द नेदरल्याण्डसको साधारण सभा सम्पन्न

६ मार्च २०१० का दिन एनसिसि द नेदरल्याण्डसको साधारण सभा सम्पन्न भएको छ । साधारण सभामा एनसिसि नेदरल्याण्डसको कृयाकलाप र तहां बसेका नेपालीहरुको समस्याका बारेमा छलफल भएको थियो । साथै उक्त सभाले हरी पौडेलको अध्यक्षतामा नयाँ कार्य समिति गठन गरेको छ ।